नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो)
(Enhanced Vocational Education and Training Project-II)
बुद्धनगर, काठमाडौं
फोन : ०१-४७८६३११
०१-४७८६४११
फ्याक्स:०१-४७८६५५०

प.सं.
च.नं.

विषय:- छात्रवृत्ति प्राप्त गर्न चाहने पिएमटी फाराम भरेका विद्यार्थीहरुका लागि विवरण संशोधन सम्वन्धी सूचना ।

सूचना प्रकाशन मितिः २०७७/०९/१६

यस परियोजनाको मिति २०७७/०६/१४ गते प्रकाशन भएको सूचना (सूचनाको म्याद विभिन्न मितिमा थप भई मिति २०७७/०९/१५ गतेसम्म कायम रहेको) अनुसार टिएसएलसी अर्थात् प्रि-डिप्लोमा तहमा शैक्षिक सत्र २०७७/०७८ मा भर्ना भई अध्ययन गर्न छात्रवृत्तिका लागि पिएमटी फाराम अनलाइन मार्फत भरेका विद्यार्थीहरुका लागि **"विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७५"** को बुदाँ नं. ४.२ मा **"कुनै विद्यार्थीहरूले पिएमटी फाराम भर्दा कुनै विवरण वा तह नै संशोधन गर्न चाहेमा तोकिएको म्याद भित्र आवश्यक कागजातसहित निवेदन दिन सक्ने"** व्यवस्था भए अनुसार कुनै विद्यार्थीले नामथर, ठेगाना, बाबु-आमाको नामथर लगायतका आफूले भरेको कुनै विवरणमा संशोधन गर्न चाहेमा सो कार्यका लागि आवश्यक कागजातसहित मिति २०७७/१०/०१ गतेसम्ममा यस परियोजना सचिवालयको इमेल ठेगाना eventscholarship@gmail.com मार्फत निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तर आर्थिक वर्ष २०७७/०७८मा यस परियोजनामा टिएसएलसी अर्थात् प्रि-डिप्लोमा तहको छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकोले तह संशोधन गर्न नपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।**

**थप जानकारीका लागि**
पैसा नलाग्ने फोन नम्बर: १६६००१६७७७७ वा फोन नं.-०१-४७८६३११/४७८६४११ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

(चन्द्रकान्त भुसाल)
परियोजना निर्देशक